# पुर्चौंडी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सुदूरपश्चिम प्रदेश

हाँट, बैतडी, नेपाल

प.स.२०७६।०७७

च.न: २७४

मिति : २०७६।०६।२८

श्री सबै वडा कार्यालयहरु
पुर्चौंडी नगरपालिका,हांट,बैतडी।

**बिषय :बेरोजगार सुचिकृत फारम पूर्ण रुपमा भर्ने सम्बन्धी सुचना !**

उपरोक्त सम्बन्धमा रोजगारीको हक सम्बन्धी ऐन,२०७५ र प्रधानमन्त्री रोजागार कार्यक्रम संचालन निर्देशिका,२०७५ बमोजिम बेरोजगार व्यक्तिको रुपमा सुचिकृत भइ न्युनतम रोजागारीमा संलग्न हुन इच्छुक अम्मेदवारहरुको लगत संकलन गर्ने कार्य गत आ.व. २०७५/०७६ को चैत्र र बैशाखमा भएको व्यहोरा यहाँ लाइ अवगत नै छ।

सो सम्पूर्ण विवरणहरु यस बर्ष रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा दर्ता(Entry) गर्नुपर्ने भएकोले तर फारममा उल्लेखित सम्पूर्ण विवरण नभएमा Software ले Accept नगर्ने भएकोले यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा धेरै जसो निवेदकहरुले आवश्यक विवरणहरु नभरेको पाइएकाले मिति २०७६/०७/२० गते भित्र सम्पूर्ण फारम भर्नुहुने बेरोजगार व्यक्तिहरुले आफ्नो आबेदनमा भएका तपसिल बमोजिमका अपुग विवरणहरु समयमा नै रोजगार सेवा केन्द्रमा गइ पूर्ण रुपमा भराउनु हुन सरोकारवाला सबैलाइ सुचित गरिन्छ। साथै आवेदनहरू पूर्ण रुपमा नभरिएको खण्डमा रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS) मा अनलाइन दर्ता नहुने र सो फारम भरेका बेरोजगार व्यक्तिहरु स्वत: रुपमा बेरोजगार सूची बाट हट्ने भएकाले त्यसको जवाफदेहिता सम्बन्धित बेरोजगार ब्यक्तिले नै लिनु पर्ने व्यहोरा समेत सम्बन्धित सबैको जानकारिका लागी यो सुचना प्रकाशित गरिएको छ।

<u>तपसिल:</u>

१. पारिवारिक विवरण: सम्पूर्ण परिवारका सदस्यहरुका नाम, नाता,जन्म मिति, नागरिकता नम्बर र जारी मिति।
२. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, सिप/दक्षता ,रोजगारीको अवस्था।
३.निवेदकको फोटो, नागरिकताको प्रतिलिपि।
४. स्थायी बासस्थान खुल्ने आवश्यक कागजातको फोटोकपी: नागरिकता ,बसाइसराइ ,बिबाह दर्ता।
५.कुल बार्षिक पारिवारिक आम्दानि, पारिवारका कुनै पनि सदस्यको सामाजिक सुरक्षा भत्ता तथा अन्य (पेन्सन)सुबिधा पाए/नपाएको र काम गर्ने समय अनिवार्य रुपमा भर्नुपर्ने।
६. रोजगारीको अवस्था (स्वदेश/विदेश/स्वरोजगार)को अवस्था अनिवार्य रुपमा भर्नुपर्ने छ।
७. नेवेदकको Mobile Number,कामको अनुभब आदी अन्य सबै विवरणहरु।

..............................
मिन बहादुर महरा
रोजगार संयोजक
रोजगार संयोजक (शा.अ.)

..............................
विनोद कुमार कुँवर
नि.प्रमुख प्रशासकिय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

<u>बोदार्थ:</u>

*सुचना प्रबिधि साखा: सुचना web-site मा प्रकाशन गरिदिनुहुन ।*
*सबै वडा कार्यालयहरु: सुचनाको पहुच पुग्ने गरि सम्बन्धित ठाउँ ठाउमा सूचना टास गरिदिनुहुन ।*